www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च. नं.

## शिक्षक पदको प्रतीक्षा सूचीका लागि प्रतियोगितात्मक परीक्षाको विज्ञापन
## (प्रकाशित मिति : २०८३।०५।०९ गते)

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा आगामी दिनमा रिक्त हुने प्राथमिक (आधारभूत कक्षा १-५) तह शिक्षक पदमा करारमा शिक्षक पदपूर्ति गर्नका लागि गन्यापधुरा गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ३१ को उपदफा (६) र (७) को प्रयोजनार्थ गाउँ कार्यपालिकाको मिति २०८३।०५।०४ गतेको निर्णयानुसार खुला प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी प्रतीक्षा सूची तयार गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले गाउँपालिकाको वेबसाइट www.ganyapadhuramun.gov.np बाट दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर पेश गर्न हुन यो विज्ञापन प्रकाशित गरिएको छ।

मीन बहादुर बिष्ट
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

१. **विज्ञापन नं. :** ०४/२०८३/८४
२. **तह :** प्राथमिक तह
३. **प्रकार :** अस्थायी (करार)/राहत/ शिक्षण सहयोग अनुदान
४. **तलब भत्ता / पारिश्रमिक तथा अन्य सुविधा:** प्रतीक्षा सूचीबाट सिफारिस भई करार (अस्थायी, राहत, शिक्षण सहयोग अनुदान) नियुक्ति भएका शिक्षकलाई नेपाल सरकारले निर्धारण गरे बमोजिमको तलब भत्ता/पारिश्रमिक तथा अन्य सुविधा वा गन्यापधुरा गाउँ कार्यपालिकाले तोकेबमोजिमको शिक्षण सहयोग अनुदान।
५. **काम गर्नुपर्ने विद्यालय : :** प्रतीक्षा सूचीबाट सिफारिस भई करार नियुक्ति भएको विद्यालय।
६. **परीक्षाको किसिम :** शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमका आधारमा देहायको परीक्षा तथा अन्तर्वार्ता सञ्चालन हुनेछ।
   (क) लिखित परीक्षा ( सामान्य र विषयगत)
   (ख) अन्तर्वार्ता
७. **परीक्षा केन्द्र :** गाउँ कार्यपालिकाको कार्यालय
८. **परीक्षा सञ्चालन :**
   (क) लिखित परीक्षा (सामान्य) सञ्चालन हुने मिति र समय दरखास्त दिने अन्तिम मिति पछि तोकिनेछ।
   (ख) लिखित परीक्षा (विषयगत) को मिति र समय सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ।
   (ग) अन्तर्वार्ता हुने मिति र समय लिखित परीक्षा (विषयगत) को नतिजा प्रकाशन हुँदा तोकिनेछ।
   (घ) कार्यालयको वेबसाइटमार्फत् सूचना प्रकाशन गरी वा सम्बन्धित उम्मेदवारलाई सम्पर्क गरी परीक्षाको मिति र समयको जानकारी गराइनेछ।

CamScanner

www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८३/०८४

९. **दरखास्त दस्तुर :** रु. ५००/– (पाँच सय) दस्तुर गाउँपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ।

१०. **दरखास्त दिने अन्तिम मिति :** २०८३।०५। २३ गतेसम्म।

११. **दोब्बर दस्तुर बुझाई दरखास्त दिने मिति :** २०८३।०५। ३० गतेसम्म। (दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन्)

१२. **दरखास्तको माध्यम :** गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दरखास्त पेश गर्नुपर्नेछ। email address: educationgrm547@gmail.com मा समेत दरखास्त पेश गर्न सकिनेछ।

१३. **उम्मेदवारको उमेरको हद :** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

१४. **उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

(क) नेपाली नागरिक।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको। तर कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षासम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ।

(घ) प्राथमिक तहको स्थायी अध्यापन अनुपतिपत्र प्राप्त गरेको। माथिल्लो तहको स्थायी अध्यापन अनुमति प्राप्त गरेको व्यक्तिहरु समेत यस विज्ञापनमा उल्लिखित शिक्षक पदमा उम्मेदवार हुन सक्नेछन्। तर त्यस्ता व्यक्तिहरुले समेत शिक्षा विषयमा १० महिने तालिम पूरा गरेको हुनु पर्नेछ।

१५. **उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरू :**

(क) दरखास्त दस्तुर बुझाएको भाउचरको सक्कल प्रति

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि

(घ) न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट/ ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

(ङ) तालिमको प्रमाणपत्रको प्रतिलिपि

(च) समकक्षता प्रमाणपत्र (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा)

**<u>पुनश्च:</u>** दरखास्त फाराम साथ संलग्न कागजातहरू उम्मेदवार स्वयंले प्रमाणित गरेर माथि संलग्न गर्नुपर्ने कागजातहरूको प्रतिलिपिमा उल्लेखित क्रम सङ्ख्या अनुसार नत्थी गरेको हुनुपर्नेछ। उल्लिखित विवरण एवम् कागजात झुट्टा ठहरेमा वा तोकिएको कागजात पेश नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ।

**विज्ञापनसम्बन्धी प्राविधिक जानकारीका लागि मोबाइल नम्बर ९८६८८९६२८९ वा ९८४८७९७७३६ मा सम्पर्क गर्नुहुन अनुरोध छ।**

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner